Registrar office

2057

भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र (LMTC),
धुलिखेल , काभ्रे
नेपाल

र

काठमाण्डौं विश्वविद्यालय, स्कूल अफ इन्जिनियरिङ (KUSOE)
धुलिखेल, काभ्रे, नेपाल

विच वि.ई. जियोमेटिक्स इन्जिनियरिङ कार्यक्रम सञ्चालन गर्ने विषयमा
भएको सहमति (MoU)

प्रस्तावनाः

नेपाल सरकार, भूमि सुधार तथा व्यवस्था मन्त्रालय अन्तरगतको भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रवाट संचालन गरिँदै आएका विभिन्न तालीमहरुमध्ये B.Sc. (Math) उत्तीर्ण गरे पश्चातको १६ महिने सिनियर नापी तालीमलाई स्नातक स्तरमा रुपान्तरण गरी चार वर्षे BE in Geomatics Engineering कार्यक्रम संचालन गरेमा राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिस्पर्धाका लागि योग्य र दक्ष प्राज्ञिक जनशक्ति उत्पादन गरी राष्ट्रको लागि आवश्यक प्राविधिक खाँचो पूरा गर्न मद्दत पुग्ने देखिएकाले भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र,, काठमाण्डौं विश्वविद्यालय र भूमि सुधार तथा व्यवस्था मन्त्रालय वीच ०६३।५।१४ मा काठमाण्डौं विश्वविद्यालयमा भएको सदभावना छलफलवाट उक्त कार्यक्रम संचालन गर्ने सम्वन्धी अवधारणापत्रलाई मुर्तरुप दिन सहमति भए अनुरुप भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र र काठमाण्डौं विश्वविद्यालय, स्कुल अफ इन्जिनियरिङ्ग विच सहकार्य गरि BE तथा Diploma in Geomatics Engineering कोर्ष संचालन गर्ने सम्वन्धमा कोर्ष संचालन गर्न चाहिने कार्यविधी, पाठ्यक्रम निर्माण, विभिन्न पक्षको भूमिका, श्रोत र साधनको व्यवस्थापनका सम्वन्धमा आवश्यक प्रकृया अगाडी वढाउन नेपाल सरकार (सचिव स्तर) वाट ०६३।७।१० मा सहमति दिने निर्णय भै आएकोले तत् सम्वन्धमा भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र र काठमाण्डौं विश्वविद्यालय, स्कुल अफ इन्जिनियरिङ्ग वीच लिखित समझदारी कायम गरी उक्त कार्यक्रमलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न आवश्यक र वान्छनीय देखिएकाले दुवैपक्षको सहमतिवाट देहायमा उल्लेखित शर्त पालना गर्ने गरि यो सहमति पत्र (MoU) तयार गरी लागू गरिएको छ।

१. संक्षिप्त नाम, विषय र प्रारम्भः

१.१ यसलाई काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल, बखुण्डोल स्थित क्रमशः भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र र काठमाण्डौं विश्वविद्यालय, स्कूल अफ इन्जिनियरिङ्ग वीच BE. Geomatics Engineering कार्यक्रम सहकार्य गरी संचालन गर्ने सम्वन्धमा निर्मित सहमति-पत्र (Memorandum of Understanding) भनिनेछ।

१.२. यो सहमति पत्र दुवै पक्षवाट हस्ताक्षर भएको मितिदेखि प्रारम्भ भएको मानिनेछ।

२ . परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस सहमति पत्रमा,

२.१. "LMTC" भन्नाले Land Management Training Center अर्थात भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र सम्झनु पर्दछ।

२.२ "KU" भन्नाले Kathmandu University अर्थात काठमाण्डौं विश्वविद्यालय सम्झनु पर्दछ।

२.३. "KUSoE" भन्नाले Kathmandu University, School of Engineering अर्थात काठमाण्डौं विश्वविद्यालय स्कूल अफ इन्जिनियरिङ सम्भनु पर्दछ ।

२.४. "MoLRM" भन्नाले Ministry of Land Reform & Management अर्थात भूमि सुधार तथा व्यवस्था मन्त्रालय सम्भनु पर्दछ ।

२.५. "MoU" भन्नाले LMTC र KUSoE विच भएको Memorandum of Understanding अर्थात "सहमति" सम्भनु पर्दछ ।

२.६. "BE" भन्नाले Bachelor of Engineering सम्भनु पर्दछ ।

२.७. "कार्यक्रम" भन्नाले ४ वर्षे अवधिको Bachelor of Engineering in Geomatics Engineering सम्भनु पर्दछ ।

२.८. "दुवै पक्ष" भन्नाले LMTC र KUSoE सम्भनु पर्दछ ।

२.९. "Extension center" भन्नाले दुवै पक्षले सहमतिले आँगिक रुपमा संचालन गरिने प्राज्ञिक कार्यक्रम सम्भनु पर्दछ ।

२.१० "Batch" भन्नाले प्रत्येक वर्ष एक पटकमा भर्ना लिईने विद्यार्थीको समूह सम्भनु पर्दछ ।

२.११. "Semester" भन्नाले ६ महिने अवधिको प्राज्ञिक कार्यक्रम सम्भनु पर्दछ ।

२.१२. **"समिति"** भन्नाले MoU को दफा ५.२ वमोजिम गठन हुने समिति सम्भनु पर्दछ।

## ३. भाषा र कानून:

३.१. MoU नेपाली/अंग्रेजी भाषामा तयार गरिनेछ । तर डाटा तथा प्राविधिक सूचनाको आदान प्रदान अंग्रेजी भाषामा गरिनेछ ।

३.२. कानूनतः MoU मा प्रयोग गरिएका दफाहरु प्रचलित कानून अनुसार अनुवाद गरिनेछन् र यस MoU मा यदि कुनै मतमतान्तर उत्पन्न भएमा यसै MOU को दफा ९.१ मा उल्लेख भए अनुसार गरिनेछ ।

## ४. कार्य क्षेत्र (Scope of work)

४.१. दुवै पक्ष वीच सहकार्य गरी ४ वर्षे स्नातक स्तरको BE in Geomatics Engineering Course, Extension center का रुपमा LMTC मा संचालन गरिनेछ ।

४.२. उक्त कार्यक्रमका लागि शुरु प्रवेशको योग्यता KU ले निर्धारण गरे बमोजिम हुनेछ ।

४.३. प्रत्येक बर्ष प्रत्येक Batch का लागि २४ जनाको समूह कायम हुनेछ ।

## ५. भूमिका र जिम्मेवारी :

५.१. सन २००७ को पहिलो Batch संचालन गर्ने गरी आवश्यक तयारी कार्य दुवै पक्षले गर्नुपर्ने छ ।

५.२. Operational , Academic Management / Financial management का लागि दुवै पक्षको सहमतिमा एउटा समिति गठन गरिनेछ ।

५.३. पाठ्यक्रम निर्माण दुवै पक्षको सकृयतावाट तयार गरिनेछ । पाठ्यक्रम तयार गर्दा प्रत्येक सेमेस्टरको लागि प्रति विषयगत पाठ्यक्रम, क्रेडिट आवर समय, लागत र प्रति कोर्षको जम्मा लागत यसै MoU संग संलग्न Appendix 1 अनुसार हुनेछ । पाठ्यक्रम, लागत र Fee structure वा अन्य कुनै संशोधन वा परिवर्तन गर्नु पर्ने भएमा समितिको निर्णयानुसार हुनेछ ।

५.४. परिक्षा संचालन, नतिजा प्रकाशन, प्रमाण-पत्र वितरण आदि सम्वन्धी कार्यक्रम KU को मापदण्ड अनुसार संचालन गरिनेछ ।

५.५ KU मा उपलब्ध हुने Internet, Library तथा अन्य सुविधाहरु KU ले तोकेको शर्तको अधीनमा रही अध्ययनरत विद्यार्थीहरुले पनि सरल रुपमा प्रयोग र उपभोग गर्न पाउने गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

५.६ KU को मापदण्ड अनुसार न्यूनतम योग्यता र अनुभव हासिल गरेका जनशक्तिहरुको कोर्ष संचालन गर्नु अगावै LMTC मा व्यवस्था गर्ने जिम्मेवारी MoLRM को हुनेछ ।

५.७ यो MoU लागु भएपछि कम्तिमा ४ Batch अर्थात ७ वर्ष सम्म लगातार रुपमा संचालन गर्न आवश्यक पर्ने आर्थिक श्रोतको निरन्तरताको लागि उपलब्ध भैरहेको आर्थिक व्यवस्थाको निरन्तरता एवं भौतिक पूर्वाधार निर्माण जस्तै छात्रावास, वस,

पुस्तकालय विकासको लागि आवश्यक पर्ने थप आर्थिक श्रोत जुटाउने व्यवस्थाका लागि पहल गर्ने जिम्मेवारी MoLRM को हुनेछ ।

६ . MoU लागु हुने मिति एवं समयावधि:

६.१. यस MoU मा उल्लेखित प्रावधानहरु दुवै पक्षको सहमतिले थप/घट नभएमा हस्ताक्षर गरेको मितिले ४ Batch संचालन गर्ने गरि अर्थात ७ वर्ष सम्म लागु रहनेछ ।

६.२. यो MoU को समयावधि समाप्त भएपछि यस कार्यक्रमवाट प्राप्त उपलब्धि पून: मूल्याङ्कन गरी दुवै पक्षको सहमतिमा कार्यक्रम संचालन गर्ने समयावधि थप गर्न सकिनेछ ।

७: पाठ्यक्रम तथा कोर्ष संचालन सम्वन्धी स्विकृती :-

७.१. BE कोर्षको पाठ्यक्रम तयार गरि सम्वन्धित निकायहरुवाट स्वीकृति लिने कार्य दुवै पक्षको सकृयतावाट संयुक्त रुपमा गरिनेछ ।

८. नयाँ कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा :-

८.१. Post Graduate/ Degree Course in Geomatics Engineering कार्यक्रम सञ्चालन गर्न संयुक्त अवधारणा तयार पारी सो को कार्यान्वयनका लागि पहल गरिनेछ ।

८.२. S.L.C उतिर्ण पश्चात ३ बर्षे Diploma in Geomatics Engineering कार्यक्रम संचालन गर्न संयुक्त अवधारणा तयार पारी सो को कार्यान्वयनका लागी पहल गरिने छ ।

दफा ९ विवाद र समाधान:

९.१: यदि दुवै पक्ष वीच यस MoU मा उल्लेखित कुनै विषय, प्रावधान वा वूँदाको हकमा कुनै विवाद उत्पन्न भएमा आपसी छलफलको माध्यमद्वारा समाधान गरिनेछ । त्यस्तो विवाद आपसी छलफल र समझदारी मार्फत समाधान हुन नसकेमा समितिको निर्णयानुसार समाधान गरिनेछ र सो निर्णय अनुसार गरिएको समाधान नै अन्तिम हुनेछ ।

## १०: सूचना आदान प्रदानः

१०.१ सूचना आदान प्रदान तथा सम्पर्क गर्दा देहायमा उल्लेखित ठेगानामा E-mail, Telephone, Fax तथा अन्य माध्यमद्वारा गरिनेछ ।


KU

Dean
School of Engineering
Kathmandu University
Dulikhel, Kavre
Tel 00977-11-661399
661511
Fax:00977-11-5533543
Email: info @ ku. edu. np

LMTC

Executive Director
Land Management Traning Centre
Dhulikhel, Kavre
Tel 00977-11-66145
Fax 00977-11-662078
Email: lmtc @ ntc.net.np


१०.२ यदि कुनै सूचना, सम्पर्क गर्दा ठेगाना परिवर्तन भएमा दुवै पक्षले सो को लिखित सूचना समयमै गराउनु पर्नेछ ।

११. माथी दफा दफामा उल्लेख गरिए वमोजिमको व्यवस्था लागू गर्न दुवै पक्ष सहमत भएकोले देहाय वमोजिम सहीछाप गरि लियौं दियौं ।

काठमाण्डौं विश्व विद्यालयका तर्फवाट

हस्ताक्षर गर्ने :
मिति : २०६४।०२।२५
नाम. डा. भोला थापा
पद:: का.मु. डीन, स्कूल अफ इन्जिनियरिङ्ग

भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रका तर्फवाट

हस्ताक्षर गर्ने :
मितिः २०६४।०२।२५
नामः हृदय नारायण मिश्र
पदः कार्यकारी निर्देशक

साक्षी
Sijan Sharma
Planning & Development Manager.

साक्षी
(डा. बन्धुराम कार्की)
मालपोत अधिकृत
मा. पो. का. काभ्रे

नेपाल सरकार

भूमिसुधार तथा व्यवस्था मन्त्रालय

भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र

र

काठमाण्डौं विश्वविद्यालय

वीच

भएको शैक्षिक लगायत आर्थिक व्यवस्थापन सम्वन्धी

# सम्झौता

आ.व. ०६४।६५

## नेपाल सरकार, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र र काठमाण्डौं विश्वविद्यालय वीच भएको शैक्षिक लगायत आर्थिक व्यवस्थापन सम्वन्धी

## सम्झौता

भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र र काठमाण्डौं विश्वविद्यालयको सहकार्यमा चार वर्षे BE Geomatics Engineering कोर्ष संचालन गर्ने गरी यस केन्द्र (LMTC) र विश्वविद्यालय (KU) वीच मिति २०६४।२।२५ मा सहमति (MoU) मा हस्ताक्षर भएको र २०६४ श्रावण देखि कोर्ष संचालन समेत भैसकेको परिप्रेक्षमा उक्त कोर्ष निरन्तर रुपले संचालन गर्न केन्द्र (LMTC) र विश्वविद्यालय (KU) वीच शैक्षिक लगायत आर्थिक व्यवस्थापनका विषयमा समेत एक सम्झौता गरी लागू गर्न वान्छनीय भएको र उक्त कोर्ष संचालन गर्न आवश्यक हुने शैक्षिक लगायत आर्थिक व्यवस्थापनका लागि देहाय वमोजिम गरी लागू गर्न गराउन दुवै पक्षले मंजूरी गरी सम्झौता गरी लियौं दियौं ।

### १. संक्षिप्त नाम, विषय र प्रारम्भः

१.१ यसलाई काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल, बखुण्डोल स्थित क्रमशः भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र र काठमाण्डौं विश्वविद्यालय, स्कूल अफ इन्जिनियरिङ्ग वीच BE. Geomatics Engineering कार्यक्रम सहकार्य गरी संचालन गर्ने सम्वन्धमा निर्मित सहमति-पत्र (Memorandum of Understanding) मा आधारित संझौता पत्र भनिनेछ ।

१.२. यो सम्झौता उक्त कोर्ष संचालन भएको मितिवाट प्रारम्भ भएको मानिनेछ ।
तर, सो संझौतामा दुवै पक्षको तर्फवाट आधिकारिक दस्तखत भएको र छाप लागेको हुनु पर्नेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस संझौता पत्रमाः

२.१."LMTC" भन्नाले Land Management Training Center अर्थात भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र सम्झनु पर्दछ ।

२.२ " KU" भन्नाले Kathmandu University अर्थात काठमाण्डौं विश्वविद्यालय सम्झनु पर्दछ ।

२.३. " KUSoE" भन्नाले Kathmandu University, School of Engineering अर्थात काठमाण्डौं विश्वविद्यालय स्कूल अफ इन्जिनियरिङ सम्झनु पर्दछ ।

२.४. "MoLRM" भन्नाले Ministry of Land Reform & Management अर्थात भूमि सुधार तथा व्यवस्था मन्त्रालय सम्झनु पर्दछ ।

२.५. "MoU" भन्नाले LMTC र KUSoE विच भएको Memorandum of Understanding अर्थात "सहमति" सम्झनु पर्दछ ।

२.६. " BE" भन्नाले Bachelor of Engineering सम्झनु पर्दछ ।

२.७. "कार्यक्रम भन्नाले" ४ वर्षे अवधिको "B.E." in Geomatics Engineering सम्झनु पर्दछ ।

२.८. "दुवै पक्ष" भन्नाले LMTC र KUSoE सम्झनु पर्दछ ।

२.९. "Batch" भन्नाले प्रत्येक बर्ष एक पटकमा भर्ना लिईने विद्यार्थीको समूह सम्झनु पर्दछ ।

२.१० "समिति" भन्नाले काठमाण्डौं विश्व विद्यालयका रजिष्ट्रार संयोजक रहि भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रका कार्यकारी निर्देशक सदस्य र काठमाण्डौं विश्वविद्यालय स्कूल अफ इन्जिनियरिङ्गका डिन रहेको ३ सदस्यीय समिति सम्झनु पर्दछ ।

## ३. शैक्षिक लगायत आर्थिक व्यवस्था:

३.१. उक्त कोर्षका लागि तोकिएको संख्यामा विद्यार्थी छनौट गर्ने प्रयोजनका लागि सूचना प्रकाशन गर्ने, प्रवेश परीक्षा लिने, नतिजा प्रकाशन गर्ने, अन्तवार्ता एवं भर्ना लिने लगायतका कार्यहरु काठमाण्डौं विश्वविद्यालय (KU) ले संचालन गर्ने छ ।
तर जाँच र अन्तर्वाता लिने प्रयोजनका लागि (LMTC) को तर्फवाट समेत आधिकारिक प्रतिनिधित्व गराउन सक्नेछ ।

३.२. उक्त कोर्षका लागि आवश्यक पाठ्यक्रमको छनौट र परिमार्जन गर्ने एवं सम्वन्धित विषयगत समिति, संकाय एवं शैक्षिक, कार्यकारी र नेपाल इन्जिनियरिङ्ग परिषदवाट स्वीकृति लिने जिम्मेवारी काठमाण्डौं विश्वविद्यालय (KU) को हुनेछ ।

३.३. उक्त कोर्ष संचालन गर्नका लागि समितिले LMTC को तर्फवाट एकजना संयोजक र KU को तर्फवाट आवश्यक प्रशिक्षक, कर्मचारी वा अन्य दक्षलाई तोक्न वा नियुक्त गर्न सक्नेछ । समितिले तोके वमोजिम निज केन्द्रमा कार्यरत भए केन्द्रवाट र विश्वविद्यालयमा कार्यरत भए सोही निकायवाट भुक्तानी पाउने गरी प्रत्येकलाई मासिक भत्ता वापत बढीमा रु. ३०००।- (तीन हजार) उपलब्ध गराइने छ । निजहरुको काम, कर्तव्य र अधिकार समितिले तोके वमोजिम हुनेछ ।

३.४. उक्त कोर्षमा अध्ययन गर्ने विद्यार्थीलाई LMTC ले छात्रावास भवन, प्रयोगशाला, कम्प्यूटर एवं पुस्तकालय प्रयोग गर्न पाउने गरी सुविधा प्रदान गर्न सक्नेछ । सो सेवा प्रयोग गरेवापत LMTC ले तोके वमोजिमको दस्तुर लिन सक्नेछ ।

३.५. GEOM courses, Geo- Laboratory, फिल्ड एवं प्रोजेक्ट संचालन गर्ने सम्वन्धमा केन्द्रले र अन्य Common courses Engineering drawing science laboratory र project संचालन गर्ने सम्वन्धमा विश्वविद्यालयले जिम्मेवारी लिनेछ ।

३.६. KU को परिश्रमिक योजना वमोजिम निम्न चार क्षेत्रमा पारिश्रमिक भत्ता प्रदान गरिनेछ ।
i) KU staff (ii) LMTC staff (iii) Visiting lectures (if) field work

३.७. समितिको वैंठकमा भाग लिए वापत समितिका संयोजक लगायतका सदस्यहरुलाई प्रति वैंठक रु. ८००।- (आठ सय) वैंठक भत्ता वापत प्रदान गरिनेछ ।
तर, त्यस्तो वैंठक प्रत्येक सेमेष्टरको हकमा दुईपटकमा नघट्ने गरी वस्नु पर्नेछ ।

३.८. शैक्षिक व्यवस्थापन सम्वन्धी आवश्यक अन्य कुराहरु समितिले तोके वमोजिम हुनेछ ।

३.९. २४ जना विद्यार्थीको ४ वर्षे कोर्षको लागि LMTC र KU वाट प्रति एक व्याचको अनुमानित गरिने खर्च देहाय वमोजिम हुनेछ । यसको विस्तृत विवरण अनुसूचि १ मा दिईएको छ:

| सेमेस्टर | केन्द्रवाट गरिने खर्च | काठमाण्डौं विश्वविद्यालयवाट हुने खर्च | जम्मा खर्च |
|---|---|---|---|
| प्रथम वर्ष | ५,२०,८००।- | २६,२५,६००।- | ३१,४६,४००।- |
| दोश्रो वर्ष | २,२०,८००।- | १७,६८,८००।- | १९,८९,६००।- |
| तेश्रो वर्ष | २,६२,८००।- | १७,७७,२००।- | २०,४०,०००।- |
| चौथो वर्ष | २,५४४००।- | १८,०९,६००।- | २०,६४,०००।- |
| जम्मा | १२,५८,८००।- | ७९,८१,२००।- | ९२,४०,०००।- |

माथि उल्लेखित एक व्याच (Batch) को लागि निर्धारित खर्च रकममा वृद्धी वा कमि गर्नको लागि समयानुकूल हेर फेर गर्नु पर्ने देखिएमा समितिले आवश्यकतानुसार सोको सिफारीश गर्न सक्नेछ ।

३.१०. एक व्याचको पूरा कोर्षका लागि LMTC र KU ले व्यहोर्ने कूल रकम मध्ये २५% विद्यार्थी वाट र ७५% (पचहत्तर प्रतिशत) रकम प्रत्येक बर्षको लागि LMTC ले KU लाई उपलव्ध गराउने छ ।
तर,

१. त्यसरी रकम उपलव्ध गराउादा LMTC ले व्यहोर्ने माथि दफा ९ मा उल्लेखित प्रत्येक बर्षको खर्च रकम कट्टा गरी बाँकी रकम उपलव्ध गराउनेछ ।

२. कुनै Batch मा भर्ना हुन चाहने विद्यार्थीको संख्यामा उल्लेखनीय वृद्धि भएमा LMTC ले KU लाई उपलव्ध गराउने प्रतिशत रकममा समितिले आवश्यकता अनुसार हेरफेर गर्न सिफारिस गर्न सक्नेछ ।

३.११. KU, LMTC र सम्वन्धित कुनै निकाय वा संस्थामा कार्यरत स्टाफ वा अन्य आगन्तुक दक्ष/विशेषज्ञलाई उक्त कोर्ष संग सम्वन्धित सैद्धान्तिक वा व्यवहारिक (ल्याव, फिल्ड वा प्रोजेक्ट) कक्षा वा परीक्षा लिए वापत समितिले समय समयमा निर्णय गरी तोके वमोजिमको पारिश्रमिक, भत्ता वा अन्य सुविधा उपलव्ध गराईनेछ ।

तर, आगन्तुक दक्ष/विशेषज्ञलाई दिइने त्यस्तो रकम विश्वविद्यालयको अन्य faculty मा प्रदान गरि आएको रकमभन्दा कम हुने गरी तोकिने छैन ।

३.१२. उक्त कोर्षका लागि दिइने जियोमेटिक्स विषय संवन्धी विद्यार्थीहरुको फिल्ड वर्क र व्यवहारिक कक्षा केन्द्रले संचालन गर्नेछ ।

३.१३. उक्त कोर्षको लागि कम्तीमा ४ Batch, (पहिलो बर्ष १ Batch, दोश्रो बर्ष २ Batch, तेश्रो बर्ष ३ Batch र चौथो वर्षमा ४ Batch पाचौं बर्ष ३ Batch, छैठौं बर्ष २ Batch र सातौ बर्ष १ Batch गरि जम्मा ७ वर्ष) लगातार रुपमा संचालन गर्न आवश्यक पर्ने आर्थिक श्रोतको निरन्तरताको लागि दफा ३.९ र ३.१० वमोजिम ४ Batch को लागि लाग्ने अनुमानित वजेट रकम देहाय वमोजिम हुने छ । पूर्ण विवरण अनुसूची २ मा उल्लेख गरिएको छ ।

| | | | | आवश्यक वजेट जम्मा |
|---|---|---|---|---|
| आ.व. | २०६४।६५ | 1 Batch | | रु. ३१,४६,४००।- |
| आ.व. | २०६५।६६ | 2 Batch | | रु. ५१,३६,०००।- |
| आ.व. | २०६६।६७ | 3 Batch | | रु. ७१,७६,०००।- |
| आ.व. | २०६७।६८ | 4 Batch | | रु. ९२,४०,०००।- |
| आ.व. | २०६८।६९ | 3 Batch | | रु. ६०,९३,६००।- |
| आ.व. | २०६९।७० | 2 Batch | | रु. ४१,०४,०००।- |
| आ.व. | २०७०।७१ | 1 Batch | | रु. २०,६४,०००।- |
| | | | जम्मा | रु. ३,६९,६०,०००।- |

माथी उल्लेखित रकम हिसाव गर्दा आ.व. २०६४।६५ को मूल्यको आधार लिईएको छ ।

३.१४. यस सम्झौतामा उल्लेख नभएको कारणले उक्त कोर्ष संचालन गर्न तत्काल कुनै वाधा अड्काउ परेमा समितिले सो वाधा अडकाउ फुकाउन सक्नेछ ।

तर, त्यस्तो वाधा अड्काउ फुकाउँदा प्रचलित कानून वमोजिम सम्वन्धित निकायको सहमति आवश्यक पर्ने रहेछ भने पछि सो सहमति लिनु पर्ने छ ।

३.१५. यस सम्झौतामा जे सुकै लेखिएतापनि LMTC र KU लाई पृथक पृथक आर्थिक व्ययभार पर्ने विषयमा तत् तत् निकायसंग सम्वन्धित प्रचलित कानूनमा कुनै खास व्यवस्था भएको रहेछ भने सोको हकमा सोही वमोजिम र अरुमा यसै सम्झौता वमोजिम हुनेछ ।

३.१६. यस सम्झौताको व्याख्या वा कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रको तर्फवाट:
१. दस्तखत:
२०६५।१।२४
२. नाम थर: कृष्ण राज अधिकारी
३. दर्जा: कार्यकारी निर्देशक
भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र

काठमाण्डौं विश्वविद्यालयको तर्फवाट:
१. दस्तखत:
२. नाम थर : डा. भोला थापा
३. दर्जा: डीन
स्कुल अफ इन्जिनियरिङ्ग
काठमाण्डौं विश्वविद्यालय

**साक्षी**

दस्तखत:

नाम, थर : कृष्ण प्रसाद ढुंगेल
पद : उप-सचिव

प्रतिनिधि भूमिसुधार तथा व्यवस्था मन्त्रालय,

**साक्षी**

दस्तखत:

नाम, थर: कुमार वराल
पद : व्यवस्थापक
वित्त शाखा
प्रतिनिधि काठमाण्डौं विश्वविद्यालय,

इति सम्वत २०६५ साल वैशाख महिना २४ गते ३ रोज शुभम् ..........................................

नेपाल सरकार
भूमि सुधार तथा व्यवस्था मन्त्रालय
भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र
धुलिखेल

अनुसूची नं. १

Government of Nepal
Ministry of land reform and Management
Land Management Training Centre
Dhulikhel.

Kathmandu University
School of Engineering
DhuliKhel,

## Tentative Cost of Following Particulars for BE programme

| S.N | Particulars | 1st year 1st batch | | | 2nd year 1st batch | | | 3rd year 1st batch | | | 4th year 1st batch | | | Total | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | LMTC | KU | Total | LMTC | KU | Total | LMTC | KU | Total | LMTC | KU | Total | LMTC | KU | Total |
| 1 | Entrance/ Admission etc | 0 | 460800 | 460800 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 460800 | 460800 |
| 2 | Test | 0 | 72000 | 72000 | 0 | 72000 | 72000 | 0 | 72000 | 72000 | 0 | 72000 | 72000 | 0 | 288000 | 288000 |
| 3 | Magines&Newspaper | 14400 | 14400 | 28800 | 14400 | 14400 | 28800 | 14400 | 14400 | 28800 | 14400 | 14400 | 28800 | 57600 | 57600 | 115200 |
| 4 | Course of study | 0 | 9600 | 9600 | | 9600 | 9600 | | 9600 | 9600 | 0 | 9600 | 9600 | 0 | 38400 | 38400 |
| 5 | Identity card | 0 | 2400 | 2400 | | 2400 | 2400 | | 2400 | 2400 | | 2400 | 2400 | 0 | 9600 | 9600 |
| 6 | Course Materials | 0 | 72000 | 72000 | 36000 | 36000 | 72000 | 43200 | 43200 | 86400 | 43200 | 43200 | 86400 | 122400 | 194400 | 316800 |
| 7 | Workshop/Project | 0 | 120000 | 120000 | 60000 | 60000 | 120000 | 72000 | 72000 | 144000 | 84000 | 84000 | -168000 | 216000 | 336000 | 552000 |
| 8 | Computer Support system | 72000 | 72000 | 144000 | 72000 | 72000 | 144000 | 72000 | 72000 | 144000 | 72000 | 72000 | 144000 | 288000 | 288000 | 576000 |
| 9 | Extra curricular activities | 14400 | 14400 | 28800 | 14400 | 14400 | 28800 | 14400 | 14400 | 28800 | 14400 | 1400 | 15800 | 57600 | 44600 | 102200 |
| 10 | student Maganize | 0 | 9600 | 9600 | 0 | 9600 | 9600 | 4800 | 4800 | 9600 | 2400 | 2400 | 4800 | 7200 | 26400 | 33600 |
| 11 | End semester exam | 0 | 86400 | 86400 | 0 | 86400 | 86400 | | 86200 | 86200 | | 86200 | 86200 | 0 | 345200 | 345200 |
| 12 | V-sat/internet | 0 | 48000 | 48000 | 0 | 48000 | 48000 | | 48000 | 48000 | | 48000 | 48000 | 0 | 192000 | 192000 |
| 13 | field visit | 0 | 0 | 0 | 24000 | 24000 | 48000 | 18000 | 18000 | 36000 | | | 0 | 42000 | 42000 | 84000 |
| 14 | Field work | 0 | 0 | 0 | 0 | 660000 | 660000 | | 470000 | 470000 | | 350000 | 350000 | 0 | 1480000 | 1480000 |
| 15 | Class/visiting lecture | 0 | 1224000 | 1224000 | 0 | 660000 | 660000 | | 874200 | 874200 | | 1048000 | 1048000 | 0 | 3806200 | 3806200 |
| 16 | Miscellenous / Development | 420000 | 420000 | 840000 | 0 | 0 | 0 | | | 0 | | | 0 | 420000 | 420000 | 840000 |
| | Total | 520800 | 2625600 | 3146400 | 220800 | 1768800 | 1989600 | 238800 | 1801200 | 2040000 | 230400 | 1833600 | 2064000 | 1210800 | 8029200 | 9240000 |

अनुसूची नं. २

Government of Nepal
Ministry of land reform and Management
Land Management Training Centre
Dhulikhel.

Kathmandu University
School of Engineering
DhuliKhel,

## Tentative cost of BE Geomatics Engineering program for 4 batches (7 years)

| Year | 064/065 | | | 065/066 | | | 066/067 | | | 067/068 | | | 068/069 | | | 069/070 | | | 070/071 | | | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | LMTC | KU | Total | LMTC | KU | Total | LMTC | KU | Total | LMTC | KU | Total | LMTC | KU | Total | LMTC | KU | Total | LMTC | KU | Total | |
| Ist year | 520800 | 2625600 | 3146400 | 520800 | 2625600 | 3146400 | 520800 | 2625600 | 3146400 | 520800 | 2625600 | 3146400 | | | | | | | | | | 12585600 |
| nd year | | | | 220800 | 1768800 | 1989600 | 220800 | 1768800 | 1989600 | 220800 | 1768800 | 1989600 | 220800 | 1768800 | 1989600 | | | | | | | 7958400 |
| rd year | | | | | | | 238800 | 1801200 | 2040000 | 238800 | 1801200 | 2040000 | 238800 | 1801200 | 2040000 | 238800 | 1801200 | 2040000 | | | | 8160000 |
| th year | | | | | | | | | | 230400 | 1833600 | 2064000 | 230400 | 1833600 | 2064000 | 230400 | 1833600 | 2064000 | 230400 | 1833600 | 2064000 | 8256000 |
| otal | 520800 | 2625600 | 3146400 | 741600 | 4394400 | 5136000 | 980400 | 6195600 | 7176000 | 1210800 | 8029200 | 9240000 | 690000 | 5403600 | 6093600 | 469200 | 3634800 | 4104000 | 230400 | 1833600 | 2064000 | 36960000 |

भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र (LMTC),
धुलिखेल , काभ्रे
नेपाल

र

काठमाण्डौं विश्वविद्यालय, स्कूल अफ इन्जिनियरिङ (KUSOE)
धुलिखेल, काभ्रे, नेपाल

विच वि.ई. जियोमेटिक्स इन्जिनियरिङ कार्यक्रम सञ्चालन गर्ने विषयमा
भएको सहमति (MoU)

प्रस्तावनाः

नेपाल सरकार, भूमि सुधार तथा व्यवस्था मन्त्रालय अन्तरगतको भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रवाट संचालन गरिँदै आएका विभिन्न तालीमहरुमध्ये B.Sc. (Math) उत्तीर्ण गरे पश्चातको १६ महिने सिनियर नापी तालीमलाई स्नातक स्तरमा रुपान्तरण गरी चार वर्षे BE in Geomatics Engineering कार्यक्रम संचालन गरेमा राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिस्पर्धाका लागि योग्य र दक्ष प्राज्ञिक जनशक्ति उत्पादन गरी राष्ट्रको लागि आवश्यक प्राविधिक खाँचो पूरा गर्न मद्दत पुग्ने देखिएकाले भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र,, काठमाण्डौं विश्वविद्यालय र भूमि सुधार तथा व्यवस्था मन्त्रालय वीच ०६३।५।१४ मा काठमाण्डौं विश्वविद्यालयमा भएको सदभावना छलफलवाट उक्त कार्यक्रम संचालन गर्ने सम्वन्धी अवधारणापत्रलाई मुर्तरुप दिन सहमति भए अनुरुप भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र र काठमाण्डौं विश्वविद्यालय, स्कुल अफ इन्जिनियरिङ्ग विच सहकार्य गरि BE तथा Diploma in Geomatics Engineering कोर्ष संचालन गर्ने सम्वन्धमा कोर्ष संचालन गर्न चाहिने कार्यविधी, पाठ्यक्रम निर्माण, विभिन्न पक्षको भूमिका, श्रोत र साधनको. व्यवस्थापनका सम्वन्धमा आवश्यक प्रकृया अगाडी वढाउन नेपाल सरकार (सचिव स्तर) वाट ०६३।७।१० मा सहमति दिने निर्णय भै आएकोले तत् सम्वन्धमा भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र र काठमाण्डौं विश्वविद्यालय, स्कुल अफ इन्जिनियरिङ्ग वीच लिखित समझदारी कायम गरी उक्त कार्यक्रमलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न आवश्यक र वान्छनीय देखिएकाले दुवैपक्षको सहमतिवाट देहायमा उल्लेखित शर्त पालना गर्ने गरि यो सहमति पत्र (MoU) तयार गरी लागू गरिएको छ ।

१. संक्षिप्त नाम, विषय र प्रारम्भः

१.१ यसलाई काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल, बखुण्डोल स्थित क्रमशः भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र र काठमाण्डौं विश्वविद्यालय, स्कूल अफ इन्जिनियरिङ्ग वीच BE. Geomatics Engineering कार्यक्रम सहकार्य गरी संचालन गर्ने सम्वन्धमा निर्मित सहमति-पत्र (Memorandum of Understanding) भनिनेछ ।

१.२. यो सहमति पत्र दुवै पक्षवाट हस्ताक्षर भएको मितिदेखि प्रारम्भ भएको मानिनेछ ।

२ . परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस सहमति पत्रमा,

२.१. "LMTC" भन्नाले Land Management Training Center अर्थात भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र सम्झनु पर्दछ ।

२.२ "KU" भन्नाले Kathmandu University अर्थात काठमाण्डौं विश्वविद्यालय सम्झनु पर्दछ ।

२.३. "KUSoE" भन्नाले Kathmandu University, School of Engineering अर्थात काठमाण्डौं विश्वविद्यालय स्कूल अफ इन्जिनियरिङ सम्झनु पर्दछ ।

२.४. "MoLRM" भन्नाले Ministry of Land Reform & Management अर्थात भूमि सुधार तथा व्यवस्था मन्त्रालय सम्झनु पर्दछ ।

२.५. "MoU" भन्नाले LMTC र KUSoE विच भएको Memorandum of Understanding अर्थात "सहमति" सम्झनु पर्दछ ।

२.६. "BE" भन्नाले Bachelor of Engineering सम्झनु पर्दछ ।

२.७. "कार्यक्रम" भन्नाले ४ वर्षे अवधिको Bachelor of Engineering in Geomatics Engineering सम्झनु पर्दछ ।

२.८. "दुवै पक्ष" भन्नाले LMTC र KUSoE सम्झनु पर्दछ ।

२.९. "Extension center" भन्नाले दुवै पक्षले सहमतिले आँगिक रुपमा संचालन गरिने प्राज्ञिक कार्यक्रम सम्झनु पर्दछ ।

२.१० "Batch" भन्नाले प्रत्येक वर्ष एक पटकमा भर्ना लिईने विद्यार्थीको समूह सम्झनु पर्दछ ।

२.११. "Semester" भन्नाले ६ महिने अवधिको प्राज्ञिक कार्यक्रम सम्झनु पर्दछ ।

२.१२. "समिति" भन्नाले MoU को दफा ५.२ वमोजिम गठन हुने समिति सम्झनु पर्दछ।

**३. <u>भाषा र कानून:</u>**

३.१. MoU नेपाली/अंग्रेजी भाषामा तयार गरिनेछ । तर डाटा तथा प्राविधिक सूचनाको आदान प्रदान अंग्रेजी भाषामा गरिनेछ ।

३.२. कानूनत: MoU मा प्रयोग गरिएका दफाहरु प्रचलित कानून अनुसार अनुवाद गरिनेछन् र यस MoU मा यदि कुनै मतमतान्तर उत्पन्न भएमा यसै MOU को दफा ९.१ मा उल्लेख भए अनुसार गरिनेछ ।

४. **कार्य क्षेत्र (Scope of work)**

४.१. दुवै पक्ष वीच सहकार्य गरी ४ वर्षे स्नातक स्तरको BE in Geomatics Engineering Course, Extension center का रुपमा LMTC मा संचालन गरिनेछ ।

४.२. उक्त कार्यक्रमका लागि शुरु प्रवेशको योग्यता KU ले निर्धारण गरे बमोजिम हुनेछ ।

४.३. प्रत्येक बर्ष प्रत्येक Batch का लागि २४ जनाको समूह कायम हुनेछ ।

५. भूमिका र जिम्मेवारी :

५.१. सन २००७ को पहिलो Batch संचालन गर्ने गरी आवश्यक तयारी कार्य दुवै पक्षले गर्नुपर्ने छ ।

५.२. Operational , Academic Management / Financial management का लागि दुवै पक्षको सहमतिमा एउटा समिति गठन गरिनेछ ।

५.३. पाठ्यक्रम निर्माण दुवै पक्षको सकृयतावाट तयार गरिनेछ । पाठ्यक्रम तयार गर्दा प्रत्येक सेमेस्टरको लागि प्रति विषयगत पाठ्यक्रम, क्रेडिट आवर समय, लागत र प्रति कोर्षको जम्मा लागत यसै MoU संग संलग्न Appendix 1 अनुसार हुनेछ । पाठ्यक्रम, लागत र Fee structure वा अन्य कुनै संशोधन वा परिवर्तन गर्नु पर्ने भएमा समितिको निर्णयानुसार हुनेछ ।

५.४. परिक्षा संचालन, नतिजा प्रकाशन, प्रमाण-पत्र वितरण आदि सम्वन्धी कार्यक्रम KU को मापदण्ड अनुसार संचालन गरिनेछ ।

५.५ KU मा उपलव्ध हुने Internet, Library तथा अन्य सुविधाहरु KU ले तोकेको शर्तको अधीनमा रही अध्ययनरत विद्यार्थीहरुले पनि सरल रुपमा प्रयोग र उपभोग गर्न पाउने गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

५.६ KU को मापदण्ड अनुसार न्यूनतम योग्यता र अनुभव हासिल गरेका जनशक्तिहरुको कोर्ष संचालन गर्नु अगावै LMTC मा व्यवस्था गर्ने जिम्मेवारी MoLRM को हुनेछ ।

५.७ यो MoU लागु भएपछि कम्तिमा ४ Batch अर्थात ७ वर्ष सम्म लगातार रुपमा संचालन गर्न आवश्यक पर्ने आर्थिक श्रोतको निरन्तरताको लागि उपलव्ध भैरहेको आर्थिक व्यवस्थाको निरन्तरता एवं भौतिक पूर्वाधार निर्माण जस्तै छात्रावास, वस,

पुस्तकालय विकासको लागि आवश्यक पर्ने थप आर्थिक श्रोत जुटाउने व्यवस्थाका लागि पहल गर्ने जिम्मेवारी MoLRM को हुनेछ ।

६ . MoU लागु हुने मिति एवं समयावधिः

६.१. यस MoU मा उल्लेखित प्रावधानहरु दुवै पक्षको सहमतिले थप/घट नभएमा हस्ताक्षर गरेको मितिले ४ Batch संचालन गर्ने गरि अर्थात ७ वर्ष सम्म लागु रहनेछ ।

६.२. यो MoU को समयावधि समाप्त भएपछि यस कार्यक्रमवाट प्राप्त उपलव्धि पूनः मूल्याङ्कन गरी दुवै पक्षको सहमतिमा कार्यक्रम संचालन गर्ने समयावधि थप गर्न सकिनेछ ।

७: पाठ्यक्रम तथा कोर्ष संचालन सम्वन्धी स्विकृती :-

७.१. BE कोर्षको पाठ्यक्रम तयार गरि सम्वन्धित निकायहरुवाट स्वीकृति लिने कार्य दुवै पक्षको सकृयतावाट संयुक्त रुपमा गरिनेछ ।

८. नयाँ कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा :-

८.१. Post Graduate/ Degree Course in Geomatics Engineering कार्यक्रम सञ्चालन गर्न संयुक्त अवधारणा तयार पारी सो को कार्यान्वयनका लागि पहल गरिनेछ ।

८.२. S.L.C उतिर्ण पश्चात ३ बर्षे Diploma in Geomatics Engineering कार्यक्रम संचालन गर्न संयुक्त अवधारणा तयार पारी सो को कार्यान्वयनका लागी पहल गरिने छ ।

दफा ९ विवाद र समाधानः

९.१. यदि दुवै पक्ष वीच यस MoU मा उल्लेखित कुनै विषय, प्रावधान वा वूँदाको हकमा कुनै विवाद उत्पन्न भएमा आपसी छलफलको माध्यमद्वारा समाधान गरिनेछ । त्यस्तो विवाद आपसी छलफल र समझदारी मार्फत समाधान हुन नसकेमा समितिको निर्णयानुसार समााधान गरिनेछ र सो निर्णय अनुसार गरिएको समाधान नै अन्तिम हुनेछ ।

१०: सूचना आदान प्रदानः

१०.१ सूचना आदान प्रदान तथा सम्पर्क गर्दा देहायमा उल्लेखित ठेगानामा E-mail, Telephone, Fax तथा अन्य माध्यमद्वारा गरिनेछ ।

<u>KU</u>

Dean
School of Engineering
Kathmandu University
Dulikhel, Kavre
Tel 00977-11-661399
661511
Fax:00977-11-5533543
Email: info @ ku. edu. np

<u>LMTC</u>

Executive Director
Land Management Traning Centre
Dhulikhel, Kavre
Tel 00977-11-66145
Fax 00977-11-662078
Email: lmtc @ ntc.net.np

१०.२ यदि कुनै सूचना, सम्पर्क गर्दा ठेगाना परिवर्तन भएमा दुवै पक्षले सो को लिखित सूचना समयमै गराउनु पर्नेछ ।

११. माथी दफा दफामा उल्लेख गरिए वमोजिमको व्यवस्था लागू गर्न दुवै पक्ष सहमत भएकोले देहाय वमोजिम सहीछाप गरि लियौं दियौं ।

**काठमाण्डौं विश्व विद्यालयका तर्फवाट**

हस्ताक्षर गर्ने :
मिति : २०६४।०२।२५
नाम. डा. भोला थापा
पद:: का.मु. डीन, स्कूल अफ इन्जिनियरिङ्ग

**भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रका तर्फवाट**

नेपाल सरकार
भूमि सुधार तथा व्यवस्था मन्त्रालय
भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र
धुलिखेल

हस्ताक्षर गर्ने :
मिति: २०६४।०२।२५
नामः हृदय नारायण मिश्र
पदः कार्यकारी निर्देशक

साक्षी
Sijan Pahma
planning & Development
Manager.

साक्षी
(डा. बन्धु राम कार्की,
मालपोत अधिकृत
मा. पो. का. काठमाडौं

Kaathmandu university
Fee Structure
2005 - 2009
Undergraduate Programs
EE/ME/CE/BioTech/EnvsEngg

Appendix 1

**EE/CE/ME/pharmacy/Biotech/CS**

**Details**

**Batch 2005-2009**

| | |
|---|---|
| Admission | 12,000.00 |
| Registration | 3,000.00 |
| Development | 35,000.00 |
| Caution Money | 4,000.00 |
| KU Souvenir | 200.00 |
| Total | 54,200.00 |

| | 1st Year | | 2nd Year | | 3rd Year | | 4th Year | | Sub Total |
|---|---|---|---|---|---|---|---|---|---|
| Semester | 1st | 2nd | 3rd | 4th | 5th | 6th | 7th | 8th | |
| Tests | 1,500.00 | 1,500.00 | 1,500.00 | 1,500.00 | 1,500.00 | 1,500.00 | 1,500.00 | 1,500.00 | 12,000.00 |
| Magazine & Newspapers | 600.00 | 600.00 | 600.00 | 600.00 | 600.00 | 600.00 | 600.00 | 600.00 | 4,800.00 |
| Course of Study | 200.00 | 200.00 | 200.00 | 200.00 | 200.00 | 200.00 | 200.00 | 200.00 | 1,600.00 |
| Identity Card | 100.00 | | 100.00 | | 100.00 | | 100.00 | | 400.00 |
| Course Materials | 1,500.00 | 1,500.00 | 1,500.00 | 1,500.00 | 1,800.00 | 1,800.00 | 1,800.00 | 1,800.00 | 13,200.00 |
| Workshop/Project | 2,500.00 | 2,500.00 | 2,500.00 | 2,500.00 | 3,000.00 | 3,000.00 | 3,500.00 | 3,500.00 | 23,000.00 |
| Computer support system | 3,000.00 | 3,000.00 | 3,000.00 | 3,000.00 | 3,000.00 | 3,000.00 | 3,000.00 | 3,000.00 | 24,000.00 |
| Extra Curricular Activities | 600.00 | 600.00 | 600.00 | 600.00 | 600.00 | 600.00 | 600.00 | 600.00 | 4,800.00 |
| Student's Magazine | 200.00 | 200.00 | 200.00 | 200.00 | 200.00 | 200.00 | 200.00 | 200.00 | 1,600.00 |
| End Semester Examination | 1,800.00 | 1,800.00 | 1,800.00 | 1,800.00 | 1,800.00 | 1,800.00 | 1,800.00 | 1,800.00 | 14,400.00 |
| V-Sat | 1,000.00 | 1,000.00 | 1,000.00 | 1,000.00 | 1,000.00 | 1,000.00 | 1,000.00 | 1,000.00 | 8,000.00 |
| Total | **13,000.00** | **12,900.00** | **13,000.00** | **12,900.00** | **13,800.00** | **13,700.00** | **14,300.00** | **14,200.00** | **107,800.00** |
| Field Visits | | | 1,000.00 | | 1,500.00 | | 1,500.00 | | 4,000.00 |
| Total | 13,000.00 | 12,900.00 | 14,000.00 | 12,900.00 | 15,300.00 | 13,700.00 | 15,800.00. | 14,200.00 | 111,800.00 |
| C. Tuition Fee | 24,000.00 | 24,000.00 | 26,000.00 | 26,000.00 | 26,000.00 | 26,000.00 | 26,000.00 | 26,000.00 | 204,000.00 |
| **Total** | **91,200.00** | **36,900.00** | **40,000.00** | **38,900.00** | **41,300.00** | **39,700.00** | **41,800.00** | **40,200.00** | **370,000.00** |
| Total per year | | 128,100.00 | | 78,900.00 | | 81,000.00 | | 82,000.00 | 370,000.00 |

| | |
|---|---|
| 1st Year | 128,100.00 |
| 2nd Year | 78,900.00 |
| 3rd Year | 81,000.00 |
| 4th Year | 82,000.00 |
| **Total** | **370,000.00** |
| Caution Money | 0.00 |
| **Grand Total** | **370,000.00** |